# सिद्धलेक गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
बुङ्चुङ, धादिङ
बागमती प्रदेश, नेपाल

आ.व.: २०७७/०७८
च.नं. :

मिति: २०७८।१।९

सिद्धलेक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बुङ्चुङ धादिङ

नन्दिलाल शर्मा
प्रमुख प्रशासकीय अधिकृत

विषय:-कर्मचारी आवश्यकता सम्वन्धी सूचना
प्रथम पटक प्रकाशित मिति: २०७८।१।९

यस गाउँपालिकामा भूमि सम्वन्धी समस्या समाधान आयोगसँग भएको सम्झौता बमोजिम तपशील बमोजिमका प्राविधिक कर्मचारीहरु चालु आ.व. २०७७।०७८ को असार मसान्तसम्मको लागि सेवा करारमा कार्य गर्ने गरी पदपूर्ति गर्नु पर्ने भएकोले उल्लेखित योग्यता पुगेका इच्छुक १८ वर्ष उमेर पुगेका ३५ वर्ष ननाघेका, महिलाको हकमा ४० वर्ष ननाघेका नेपाली नागरिकहरुबाट दरखास्त दिनु हुन यो १५ दिने सूचना प्रकाशित गरिएको छ।

**तपशील:-**

| क्र.स | वि.नं. | आवश्यक पद | तह/श्रेणी | सेवा /समूह | माग संख्या | योग्यता |
|---|---|---|---|---|---|---|
| १ | ०८/ २०७७ ।०७८ | अमिन | रापअनं. द्वितीय/ सहायक चौथो | प्राविधिक करार सेवा | १ जना | • एस.एल.सी वा सो सरह उत्तीर्ण भएको। • अमिन सम्वन्धी १६ महिने तालिम प्राप्त गरेको। • कम्प्युटर सम्वन्धी अनुभवी तथा अन्य तालिम प्राप्तलाई प्राथमिकता दिइने छ। |
| २ | ०९/ २०७७ ।०७८ | सामाजिक परिचालक | सहायक चौथो | प्रशासन करार सेवा | १ जना | • एस.एल.सी. वा सो सरह उत्तीर्ण भएको। • कम्प्युटर लगायत अनुभवी तथा तालिम प्राप्तलाई प्राथमिकता दिइने छ। |

१. दरखास्त दिने अन्तिम मिति :-२०७८ साल बैशाख २३ गते कार्यालय समय भित्र।
२. दरखास्त बुझाउने स्थान:-सिद्धलेक गाउँकार्यपालिकाको कार्यालय, बुङ्चुङ, धादिङ।
३. दरखास्त दस्तूर: रु ५००।
४ परीक्षा हुने मिति:-सम्पर्क मितिमा तोकिने छ।
५ परीक्षाको किसिम:- प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन गरी अन्तर्वार्ता लिइने छ।